लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

पत्र संख्याः २०८१/८२
चलानी नं.:

मितिः २०८१/०९/०१

## कार्यक्रम संचालनको लागी आवेदन/प्रस्ताव आह्वान गरिएको सुचना

**(दोस्रो पटक प्रकाशन मितिः२०८१।०९।०१ गते सोमबार)**

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम (पूर्वी भाग) को चालु आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले दोस्रो पटक सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८१/०९/१५ गते सम्म) यस कार्यालय तथा सम्बन्धित पालिकाको कृषि तथा पशुपन्छी विकास शाखामा तपशिलमा उल्लेखित कागजात सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सुचना प्रकाशन छ। कार्यक्रम संचालन गर्न इच्छुक कृषक/कृषि फर्म/कृषि समुह/कृषि उद्यमी/सहकारी/कम्पनी/जल उपभोक्ता समितिहरुले आवश्यक कार्यक्रमको प्रस्ताव सहित पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना संलग्न राख्नु पर्ने कागजातहरु **कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१** बाट प्राप्त गर्न सकिने छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

**कृषि तर्फ**

| सूचना नं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| २०८१/०८२ -०१ | व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम | १.उत्पादन सामाग्रीहरु, सिचाईका लागी आवश्यक सामाग्रीहरु, यन्त्र/उपकरणहरु, प्राथमिक प्रशोधन, बजारीकरण सामाग्रीहरु, पुर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरु। | १. कृषक/कृषि फर्म/कृषि समुह/कृषि उद्यमी/सहकारी सहभागि हुन सक्ने।<br>२.सामुहिक रुपमा कम्तीमा १ हेक्टर वा एकल रुपमा कम्तीमा २.५ रोपनीमा खेती गर्नु पर्ने। | जिल्ला भरी | १. बीउ विजन/बेर्ना र यन्त्र/उपकरण/अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत<br>२. निजि पुर्वधारको हकमा ५० प्रतिशत र सामुदायिक पुर्वधारको हकमा अधिकतम ७५ प्रतिशत<br>३. प्रतिहेक्टर अधिकतम रु.१ लाख अनुदान। |
| २०८१/०८२ -०२ | बंगुर प्रवर्द्धन कार्यक्रम | १.खोर निर्माण/सुधार<br>२.मेसिनरी औजार<br>३.नश्ल सुधार<br>४.औषधी उपचार तथा खोप र जैविक सुरक्षा। | १. कृषक/कृषि फर्म/कृषि समुह/कृषि उद्यमी/सहकारी सहभागि हुन सक्ने।<br>२.प्रति फर्मको कम्तीमा ३ वटा सहित ५ वटा बंगुर पालन गरेको हुनु पर्छ।<br>३.समुह/सहकारीको हकमा कम्तीमा २० माउँ बंगुर पालन गरिरहेको हुनु पर्ने।<br>४.पशुहरुको बीमा गर्ने अभ्यास भएको फर्म/कम्पनी/कृषक समुह/सहकारी संस्थालाई प्राथमिकता दिईने।। | सिस्ने र भूमे गाउँपालिका | १. पुर्वधार र नश्ल सुधारमा ७५ प्रतिशत अन्य उत्पादन सामाग्रीमा र अन्य उपकरणमा ५० प्रतिशत<br>२. फर्म/कम्पनीको हकमा प्रति आयोजना अधिकतम १ लाख र समुहको हकमा समुह/सहकारी हकमा अधिकतम रु. ३. लाख सम्म अनुदान दिन सकिने। |

डिल्लीराज पौडेल
कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)

फोन नं.०८८-४१३१७१
ईमेल: ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

पत्र संख्याः २०८१/८२
चलानी नं.:

मितिः २०८१/०९/०१

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. प्रस्तावकको निवेदन (अनुसूची-३३ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फर्म/कम्पनी/सहकारी)
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आ.व.को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्ब पेश गर्नु पर्ने)
५. कार्यक्रम संचालनको लागी संक्षिप्त व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार कृषि तर्फ अनुसूची ३५ पशुपन्छी तर्फ अनुसुची-३६ बमोजिम)
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समुह/सहकारी/संस्था/कम्पनी हकमा)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
१०.जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्दा १० वर्षको कृषक र जग्गाधनी बीच सम्बन्धित स्थानीय तहको रोहवरमा भएको करार सम्झौता।

पुनश्चः माथि उल्लेखित कार्यक्रमहरु लुम्बिनी प्रदेश सरकार, कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको **"कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** अनुसार मात्र कार्यक्रम सन्चालन हुनेछ । साथै उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरु माथि कुनै प्रकृया अघि बढ्ने छैन ।

नोटःआवश्यक सूचना तथा आवेदनका नमुना फर्मेटहरु कार्यालयको वेवसाइट www.ialdorukumeast.p5.gov.np डाउनलोड गर्न सकिने छ।अथवा नजिकको स्थानीय तह कृषि विकास शाखामा सम्पर्क राख्नुहोला ।

थप जानकारीको ०८८-४१३१७१, ९८५७८४५४५८, ९७४६९३०९२२, ९८४३५१०३८८,९८६२६३२५०२ मा सम्पर्क गर्न सकिने छ।

डिल्लीराज पौडेल
कार्यालय प्रमुख